# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिम्रुतु खारानेटा, रूकुम (पश्चिम),
कर्णाली प्रदेश, नेपाल

website:
www.trivenimunrukum.gov.np
Email: tribenigp@gmail.com

## निकासी/ पैठारी कर संकलनको लागी ठेक्का खोलीएको सुचना ।

### सुचना प्रकाशित मितिः २०७५ श्रावण १६

त्रिवेणी गाउँ कार्यपालिकाको मिति २०७५ श्रावन १३ गतेको बैठकको निर्णय बमोजिम गाउँपालिका क्षेत्र भित्र निकासी/ पैठारी हुने विभिन्न बस्तुहरूको नियमानुसार कर संकलन कार्यलाई ठेक्का मार्फत सञ्चालन गर्नुपर्ने भएकोले तपशिल बमोजिमका सर्तहरूको अधिनमा रहि इच्छुक व्यक्ति, फर्म वा संस्थाले यो सुचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र प्रस्ताव पेश गर्नहुन सार्वजनिक सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. ठेक्काको न्युनतम कवोल अंकः रू. ५ (पाँच) लाख हुने छ।

२. ठेक्का अवधिः ठेक्का सम्झौता भएको मिति देखि २०७६ असार मसान्त सम्म ।

३. प्रस्ताव पेश गर्ने फर्म वा संस्था गाउँपालिकामा अनिवार्य रूपमा दर्ता वा सुचिकृत भएको हुनु पर्ने छ ।

४. प्रस्ताव दर्ता गर्दा व्यसायीक फर्म र संस्थाहरूले व्यवसाय दर्ताको प्रमाण पत्र (नविकरण समेतको), कर चुक्ता प्रमाण पत्र, कालो सुचिमा नपरेको स्वयम् शुद्धताको प्रमाण पत्र लगायतका कार्य सञ्चालन गर्न सक्ने आधार सहितका प्रस्तावदाता सँग सम्बन्धित अन्य कागजातहरू पेश गर्नुपर्ने छ ।

५. प्रस्ताव दर्ता गर्दा रू. १००० (एक हजार) दर्ता शुल्क लाग्ने छ ।

६. निकासी/ पैठारी कर लाग्ने बस्तुहरूः बिभिन्न जडिबुटिहरू, खोटो, कवाडी माल, काठ कुकाठ, तरकारी तथा फलफुल उत्पादन, त्रिवेणी गाउँपालिका आर्थिक ऐन, २०७५ को अनुसुचि १४ बमोजिमका बस्तुहरू ।

७. बुदा नं. ४ बमोजिमको कर संकलन थोक प्रकृतिको कारोवारमा मात्र गर्नु पर्ने छ ।व्यवसायीक कृषक, फर्म संस्थाहरू बाहेक अन्य कृषकहरूलाई उल्लेखिक कर लगाउन सकिने छैन तर कृषकहरूबाट खरिद गर्ने सप्लायर्स वा थोक विक्रेताले कर तिर्नुपर्ने छ ।

८. यस सम्बन्धि अन्य कुरा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।

९. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७५ श्रावण २२ गते सम्म ।

१०. थप जानकारीको लागी गाउँपालिकाको वेवसाइटः **www.trivenimunrukum.gov.np** मा हेर्न सकिने छ। साथै सम्पर्कका लागी **email: tribenigp@gmail.com** मा समेत सम्पर्क गर्न सकिने छ।

..........................

सिजन कुमार ओली

प्रमुख प्रशासकिय अधिकृत

त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय रूकुम (पश्चिम)।